नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

फोन नं. : ५९७००८१

E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

पत्र संख्या:-

च.नं. :-

मितिः

## प्रेस नोट

मिति २०८३/०१/१४

अर्थ मन्त्रालयको मिति २०८१/१०/३० को निर्णय अनुसार आन्तरिक राजस्व विभागको महानिर्देशकको पदमा सरुवा भई मिति २०८१/११/०१ देखि मिति २०८३/०१/१४ सम्म महानिर्देशकको रुपमा कार्य सम्पादन गर्ने अवसर पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। यस अवधिमा मेरो नेतृत्वमा आन्तरिक राजस्व विभागले सम्पादन गरेको मुख्य क्रियाकलापहरुको विवरण देहाय बमोजिम रहेको छ :

(क) **आन्तरिक राजस्व विभागसंग सम्बन्धित ऐन, नियम, नीति, कार्यविधि, निर्देशिका, आदेश र मापदण्ड जारी गरिएको सम्बन्धमाः**

(१) आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क ऐन र मदिरा ऐन तथा नियमावलीहरुमा २०८२ सालसम्मको आर्थिक ऐन तथा नियमावलीबाट भएका संशोधनहरु समेत समावेश गरी अद्यावधिक कर कानूनहरुको संगालो प्रकाशन गरिएको।

(२) विभागको Integrated Tax System मा सबै परिपत्रहरु Digitalized गरिएको।

(३) गैर वासिन्दा व्यक्तिले प्रदान गर्ने अफलाईन हवाई यातायात सेवामा मूल्य अभिबृद्धि कर सम्बन्धी कार्यविधि, २०८१ जारी गरिएको।

(४) आयकर निर्देशिका, २०६६ (पाँचौ संशोधन, २०८१) प्रकाशन गरिएको।

(५) अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण, २०८१) प्रकाशन गरिएको।

(६) एकिकृत करलेखा परिक्षण दिग्दर्शन, २०६८ (दोश्रो संशोधन, २०८२) जारी गरिएको।

(७) कानूनी कार्यविधि र ढांचा २०७४ (परिमार्जित संस्करण, २०८२) प्रकाशन गरिएको।

(८) सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धमा आन्तरिक राजस्व विभागबाट वहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने ब्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२ ।



महानिर्देशक

(९) वहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने व्यवसायीहरुको अनुगमन सम्बन्धी मार्गदर्शन, २०८२ जारी गरिएको।

(१०) सम्पत्ति शुद्धिकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी वास्तविक धनी सम्बन्धी मापदण्ड,२०८२ जारी गरिएको।

(११) आन्तरिक राजस्व विभागको सम्पत्ति शुद्धिकरण अनुसन्धान सम्बन्धी मार्गदर्शन,२०८२ जारी गरिएको।

(१२) Inland Revenue Department Guidelines on Target Financial Sanctions for Reporting Entities(DPMS), 2025

(१३) विभिन्न कार्यविधिहरु संशोधन गरिएको:

- विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि (तेश्रो संशोधन)।
- गैर वासिन्दा ब्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिबृद्धि कर सम्बन्धी कार्यविधि (तेश्रो संशोधन)।
- विलासिता शुल्क सम्बन्धी कार्यविधि (पहिलो संशोधन)।

ख) अन्तर्राष्ट्रिय कर सहकार्य तथा अन्तर्राष्ट्रिय कराधार विस्तार सम्वन्धमा:

१४. द्वैध करमुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता (DTAA) को वार्ताको समयमा Reference Document को रुपमा उपयोग गर्न र वार्ताको समयमा नेपालको Position थप सुदृढ गर्न नेपालको आफ्नै नमूना सन्धि (Model DTAA) तयार गरी अर्थ मन्त्रालयबाट स्वीकृत भएको।

१५. आयकर ऐन, २०५८ जारी हुनुभन्दा अघि नेपालसँग सम्पन्न भएका दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता (DTAA) को सम्बन्धमा थाइल्याण्ड, नर्वे, श्रीलंका, अष्ट्रिया, पाकिस्तान, चीन र गणतन्त्र कोरियाका सक्षम अधिकारीहरुलाई आयकर ऐन, २०५८ को दफा ७३(५) को Anti-Treaty Shopping सम्बन्धी व्यवस्थाको सम्बन्धमा जानकारी गराइएको।

१६. भारतसँगको DTAA को प्रावधान अनुसार बक्यौता रहेका भारतीय मूलका करदाताको वक्यौता विवरण संलग्न गरी कर संकलनमा सहयोग गरिदिन भारतीय सक्षम अधिकारी समक्ष अनुरोध गरी पठाउने कार्य सुरु गरिएको।



महानिर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. : ५९७००८१

पत्र संख्याः-
च.नं. :-

E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

मितिः

१७. नेपालले OECD Global Forum on Tax Transparency for Exchange of Information (Global Forum) को १७३ औं सदस्य राष्ट्रको रुपमा सदस्यता प्राप्त गरेको। सदस्यता पश्चात नेपाल द्विपक्षीय कर सहकार्यवाट वहुपक्षीय कर सहकार्य गर्न नयाँ युगमा प्रवेश पाएको तथा कर सूचनाको पारदर्शिता मापदण्डको Compliance राष्ट्रको रुपमा स्थापित हुने वाटो खुलेको। यस सदस्यताबाट नेपालले उक्त फोरमका अन्य १७२ मुलुकसँग सूचना आदानप्रदान गर्ने बाटो खुल्ला भएको।

१८. नेपाल दूरसञ्चार कम्पनी लि. लाई भारतीय दूरसञ्चार कम्पनीहरुले Inter Connectivity User Charge (ICU) प्रयोग गरे बापत भुक्तानी गरेको सेवा शुल्क Royalties नभई DTAA को प्रावधान अनुसार Business Profit अन्तर्गत पर्ने दावी सहित सोमा पुनर्विचार गर्न Mutual Agreement Procedures (MAP) को लागि भारतीय सक्षम अधिकारी समक्ष लेखी पठाइएको।

१९. नेपाल र मौरिसस बीच सन १९९९ मा सम्पन्न दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्बन्धी सम्झौता (DTAA) को अन्त्य गरी नयाँ सम्झौता गर्ने प्रारम्भिक प्रकृया अघि बढाइएको।

२०.नेपालले पहिलोपटक **6th BRITACOF (The Belt and Road Initiative Tax Administration Cooperation Forum)** सम्मेलन **(Sept 9–11, 2025)** सफलतापूर्वक आयोजना गरेको साथै Asia Oceania Tax Consultants' Association (AOTCA), 2025 (काठमाडौं) र Addis Tax Initiative (ATI) मा सक्रिय सहभागिता जनाएको । **UN Tax Committee** मा समेत नेपालले ऐतिहासिक सहभागिता जनाएको।

## ग) संस्थागत क्षमता तथा प्रणालीगत सुधार तर्फः

२१. विभाग र अन्तर्गतका कार्यालयहरुको बेरुजुलाई ITS प्रणालीमा Entry गरी अभिलेख अद्यावधिक गर्ने व्यवस्था गरिएको साथै म्यानुअल रुपमा रहेको आ.व ०६०/६१ देखि हालसम्मको बेरुजुलाई Digitalized गरिएको।

२२. Luxury Tax को विवरण Online मार्फत करदाताले नै Verify गर्न सक्ने गरी प्रणालीमा सुधार गरिएको।

२३. नेपाल सरकारको २० प्रतिशत कर्मचारी कटौती गर्ने घोषणा अनुरुप आन्तरिक राजस्व विभागको O & M सर्वेक्षण स्वीकृत गरी नयां संगठन संरचना अनुसारको छरितो दरवन्दी कायम भएको।



महानिर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

फोन नं. : ५९७००८१

पत्र संख्या:-
च.नं. :-

E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

मिति:

२४. साविक करदाता सेवा कार्यालयहरु खारेज गरी उक्त कार्यालयहरुबाट भैरहेको कार्यहरु स्थानीय तहहरु र को.ले.नि.का बाट सेवा प्रवाह हुने ब्यबस्था गरी प्रशासनिक विकेन्द्रीकरणको शुरुवात भएको। हालसम्म ३८ को.ले.नि.का र ६९ स्थानीय तहबाट नियमित सेवा प्रवाह भैरहेको।

२५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र आन्तरिक राजस्व विभागको सूचना प्रणालीबीच अन्तर-आवद्धता गरी Personal PAN Card जारी गर्ने ब्यवस्था गरिएको।

२६. एकल रोजगारीको मात्र आय हुने करदाताहरुको हकमा Online बाट QR Code सहितको कर चुक्ता जारी हुने व्यवस्था गरिएको।

२७. अन्तर्राष्ट्रिय कर सम्बन्धी विशिष्टिकृत जनशक्ति तयार पार्ने उद्देश्यले २५ जना रा.प द्वितीय र तृतीय श्रेणीका कर्मचारीको रोष्टर तयार गरी निजहरुलाई तालिम तथा प्रशिक्षण प्रदान गर्न शुरु गरिएको।

२८. २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनमा भौतिक क्षति भएका कार्यालयहरूको मर्मत तथा पुनः निर्माण गरी पूर्णरूपमा सेवा प्रवाह भएको।

२९. हालसम्म ७८७० विद्युतीय विजक जारी गर्ने करदाताहरुलाई विभागको केन्द्रिय बिजक अनुगमन प्रणालीमा आबद्ध गरिएको।

३०. आर्थिक वर्ष २०८१/०८२ असार मसान्त सम्ममा प्रशासकीय पुनरावलोकनको निवेदनको फर्छ्यौट संख्या ११०२ वटा रहेको जुन हाल सम्मको सबैभन्दा वढी हो।

३१. विभागको एकीकृत करप्रणालीबाट १,०२,२३२ करदाताहरुले मु.अ.कर विवरण बुझाएको नदेखिएकोले उक्त विबरण १५ दिन भित्र दाखिला गर्न विभागको वेवसाईटमा सूचना प्रकाशन गरिएकोमा हालसम्म २७५४० करदाताले विबरण बुझाएको र बांकी ७४६९२ करदाताको कारोवार स्थगन गरिएको।

३२. एकिकृत कार्यालय ब्यवस्थापन प्रणाली (GIOMS) कार्यान्वयनमा ल्याईएको ।

३३. विद्युतीय सूचना आदान प्रदान सम्बन्धमा आन्तरिक राजस्व विभाग र गृह मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बीच समझदारीपत्र (MOU) मा हस्ताक्षर गरिएको ।



महानिर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
फोन नं. : ५९७००८१
पत्र संख्या:-
च.नं. :-
E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

मिति:

३४. आन्तरिक राजस्व विभागको तेस्रो रणनीतिक योजना (Third Strategic Plan) तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाईएको ।

घ) तत्काल गरिएका सुधारका मुख्य मुख्य कार्यहरुः

३५. वार्षिक रु.२० करोडभन्दा वढीको कारोबार गर्ने करदातालाई CBMS/E-BILLING मा अनिवार्य रुपमा आवद्ध गर्ने निर्णय गरी कार्यान्वयनको लागि पत्राचार भएको।

३६. आगामी आ.वं. को बजेटको लागि गठित राजस्व परामर्श समिति अन्तर्गतको आन्तरिक राजस्व उपसमितिको प्रतिवेदन पेश गरेको।

३७. एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई सेवा उपलब्ध गराउन थप अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएको।

३८. विशेष परिस्थितिका कारण नष्ट भएका कागजात तथा प्रमाणहरुको प्राप्ती तथा प्रमाणीकरण सम्बन्धी निर्देशिका,२०८२ को ड्राफ्ट तयार गरी छलफल गरिएको।

३९. स्थायी लेखा नम्बर कम्पनी रजिष्ट्रार कार्यालयबाट नै Online माध्यमबाट जारी गर्ने निर्णय भएको।

४०. UAE र Hong Kong संगको दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध संझौताको प्रक्रिया अगाडि वढाउन वार्ता टोली गठन गर्न प्रक्रिया अगाडि वढाईएको।

४१. विभागको समग्र कर प्रणालीलाई Digitalized गर्ने सम्बन्धमा तयार गरिएको BPR (Business Process Reengineering) रिपोर्ट कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय बिज्ञहरुवाट प्राप्त DPR (Detail Project Report) को Draft Report छलफल गरी सुझाव उपलब्ध गराइएको।

४२. अन्तःशुल्क विवरण Self-Verify गर्ने ब्यवस्था मिलाईएको।

४३. Transfer Pricing सम्बन्धी APA (Advance pricing agreement) and SHR Framework को विषयमा विज्ञबाट प्राप्त प्रारम्भिक मस्यौदा छलफल गरिएको।

४४. साविकको आचारसंहिता खारेज गरी आन्तरिक राजस्व विभाग र अन्तर्गतका कर्मचारीहरुको आचारसंहिता, २०८२ जारी गरी कार्यान्वयनमा ल्याईएको।

४५. स्थायी लेखा नम्बरको प्रमाणपत्र करदाता स्वयंले डाउनलोड गर्न सक्ने प्रणाली विकास गरिएको।

५

महानिर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
फोन नं. : ५९७००८१
पत्र संख्याः-
च.नं. :-
E-mail: hq@ird.gov.np
Web: http://www.ird.gov.np
लाजिम्पाट, काठमाडौं

मितिः

४६. हस्तान्तरण मूल्य निर्धारण सम्वन्धी निर्देशिका, २०८१ लागू भएसँगै नेपालले सम्वद्ध व्यक्तिहरु वीच सिमापार कारोवार सामान्य वजार मूल्य (Arm's length Price) मा भए/नभएको सम्वन्धमा नेपालमा कार्यरत बहुराष्ट्रिय कम्पनीको लागि साविकको आय विवरणको अतिरिक्त छुट्टै प्रतिवेदनको ढाँचा तयार गरी एकिकृत कर प्रणालीमा (Integrated Tax System- ITS) समावेश गरी Online मार्फत सो विवरण लिने कार्यको थालनी गरिएको।

४७. कर खर्च सम्बन्धी अध्ययन (आ.व.२०८०/८१) GIZ को सहकार्यमा सम्पन्न भई प्रतिवेदन प्राप्त भएको।

अन्त्यमा,

मुलुकको पछिल्लो राजनीतिक घटनाक्रमको (GEN-G Revolution) कारण धेरै आन्तरिक राजस्व कार्यालयहरुको क्षतिको वावजुद पनि गत आ.व.को तुलनामा राजस्व संकलन चालु आ.व.को चैत्र महिनामा **१२.२२ प्रतिशतको वृद्धि दर** र चैत्र महिनासम्मको अवधिमा **५.९१ प्रतिशतको** वृद्धि दर रहेको छ ।सो को लागि सम्पूर्ण करदातालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै,

मलाई आन्तरिक राजस्व विभागको महानिर्देशकको रुपमा जिम्मेवारी प्रदान गर्नु भई कार्य गर्ने अवसर दिनुहुने माननीय अर्थमन्त्रीज्यू, श्रीमान सचिवज्यूहरु र अर्थ मन्त्रालयका परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। विभाग तथा कार्यालयको समग्र कार्य सम्पादनमा अहोरात्र खटिनुहुने कर परिवारका उपमहानिर्देशकज्यूहरु, प्रमुख कर प्रशासकज्यूहरु, निर्देशकज्यूहरु, प्रमुख कर अधिकृतज्यूहरु, शाखा अधिकृत तथा कर अधिकृत लगायत सम्पुर्ण सहयोगी साथीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै मलाई मेरो कार्य सम्पादनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने निजी क्षेत्रका सरोकारवाला संघ-संस्था तथा आमसञ्चार जगत प्रति सदैव हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु।

मदन दहाल
महानिर्देशक
आन्तरिक राजस्व विभाग